# गौरवशाली स्त्री

*परमेश्वरसँग जोडिनु*
*तपाईंको व्यक्तिगत मिसनलाई पत्ता लगाउनु*

जीवन प्रशिक्षण स्रोत-सामाग्री

# गौरवशाली स्त्री

*परमेश्वरसँग जोडिनु*
*तपाईंको व्यक्तिगत मिसनलाई पत्ता लगाउनु*

*"किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशुमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।"* (एफिसी २:१०)

# गौरवशाली स्त्री

## विषय-सूची


**गौरवशाली यात्रा**

१. किन गौरवशाली जीवन जिउनलाई रोज्ने ?
    परमेश्वर तपाईंले गौरवशाली जीवन जिएको चाहनुहुन्छ

२. तपाईं को हुनुहुन्छ ?
    तपाईं परमेश्वरको मोती (PEARLS) हुनुहुन्छ

३. के कुराले तपाईंलाई यात्राको लागि सुसज्जित गर्छ ?
    PEARLS (मोती)का सिद्धान्तहरूले तपाईंलाई सुसज्जित गर्छ

४. को-को तपाईंसँगै हिँड्नेछन् ?
    परमेश्वर र अरूहरू तपाईंसँगै हिँड्नेछन्

**तपाईंको विशिष्टतालाई पछ्याउनुहोस्**

१. केले तपाईंलाई बहुमूल्य बनाउँछ ?
    परमेश्वरले तपाईंलाई बहुमूल्य बनाउनुहुन्छ

२. तपाईं कसरी विशिष्ट हुनुहुन्छ ?
    परमेश्वरले तपाईंलाई विशिष्ट तवरले बनाउनुभयो

३. तपाईंले आफ्नो विशिष्टतालाई कसरी पछ्याउनुहुन्छ ?
    तपाईंको विशिष्टतालाई पत्ता लगाउनुहोस्

**स्रोतलाई अङ्गाल्नुहोस्**

१. गौरवको स्रोत को हुनुहुन्छ ?
    परमेश्वर गौरवको स्रोत हुनुहुन्छ

२. उद्देश्य कहाँबाट आउँछ ?
    उद्देश्य परमेश्वरबाट आउँछ

३. तपाईंले कसरी त्यस स्रोतलाई अङ्गाल्नुहुन्छ ?
    स्रोतलाई पूर्णरूपमा अङ्गाल्नुहोस्

४. यात्राको लागि तपाईंले कसरी शक्ति पाउनुहुन्छ ?
    स्रोतबाट सशक्त हुनुहोस्

**तपाईंको मिसनलाई सक्रिय बनाउनुहोस्**

सत्र एक - मुख्य मूल्य-मान्यताहरू

१. दिशा-निर्देशन कहाँबाट आउँछ ?
    परमेश्वरले दिशा-निर्देशन दिनुहुन्छ

२. के कुराले तपाईंलाई सही पथमा राखिराख्छ
    मुख्य मूल्य-मान्यताहरूले तपाईंलाई सही पथमा राखिराख्छ

सत्र दुई - व्यक्तिगत मिसन

३. के कुराले दिशा-निर्देशनलाई सक्रिय बनाउँछ ?
व्यक्तिगत मिसनले दिशा-निर्देशनलाई सक्रिय बनाउँछ

४. आकांक्षाहरूले कसरी भूमिका खेल्छन् ?
आकांक्षाहरूले तपाईंको व्यक्तिगत मिसनलाई सल्काउँछ

५. मिसन किन महत्वपूर्ण छ ?
व्यक्तिगत मिसनले भिन्नता ल्याउँछ

६. तपाईंको व्यक्तिगत मिसन के हो ?
तपाईंको व्यक्तिगत मिसन पत्ता लगाउनुहोस्

**तपाईंको जीवनमा पुनर्केन्द्रित हुनुहोस्**

१. तपाईंको जीवनमा किन पुनर्केन्द्रित हुने ?
तपाईंको व्यक्तिगत मिसन अनुसार जिउनलाई पुनर्केन्द्रित हुने

२. तपाईंको व्यक्तिगत मिसन जिउनमा कहाँनिर तपाईं पुनर्केन्द्रित हुनुहुन्छ ?
हरेक क्षेत्रहरूमा पुनर्केन्द्रित हुनुहोस्

३. तपाईंको जीवनमा तपाईं कसरी पुनर्केन्द्रित हुनुहुन्छ ?
तपाईंको व्यक्तिगत मिसन अनुसार जिउनमा पुनर्केन्द्रित हुन मिसनका लक्ष्यहरू तय गर्नुहोस्

**अभिप्रायपूर्वक जिउनुहोस्**

१. कसरी तपाईंको मिसनका लक्ष्यहरूमा अभिप्रायपूर्वक जिउनुहुन्छ ?
तपाईंका प्राथमिकताहरू पहिचान गर्नुहोस् र त्यसलाई समय तालिकामा राख्नुहोस्

२. परिस्थितिहरू प्रति तपाईंले कसरी प्रतिक्रिया जनाउनुहुन्छ ?
रचनात्मक हुनलाई रोज्नुहोस्

३. कुन कुराले अवरोधहरू सामना गर्न तपाईंलाई सहायता गर्छ ?
तपाईंका पर्खालहरूलाई भत्काउनुहोस्

४. तपाईं कसरी अभिप्रायमुखी भइरहन सक्नुहुन्छ ?
तपाईंका सीमाहरू तय गर्नुहोस्

**जीवनभर कायम रहनुहोस्**

१. जीवनभर कसरी कायम रहन सकिन्छ ?
आवश्यकता अनुसार फेरबदल गरिराख्नुहोस्

२. के कुराले यात्रामा तपाईंलाई अगाड़ि बढ्न र निरन्तरता दिन सहायता गर्छ ?
अरूहरूलाई प्रोत्साहित गर्नुहोस् र आफैं पनि प्रोत्साहित हुनुहोस्

३. तपाईंले कसरी गौरवशाली जीवन जिइराख्न सक्नुहुन्छ ?
धन्यवादी हुनुहोस्

**किन गौरवशाली जीवन जिउन रोज्ने ?**

**परमेश्वर तपाईंले गौरवशाली जीवन जिएको चाहनुहुन्छ**

**तपाई को हुनुहुन्छ ?**

**तपाई परमेश्वरको मोती** (Pearl) **हुनुहुन्छ**

**के कुराले तपाईंलाई यात्राको लागि सुसज्जित गर्छ ?**

Pearl **(मोती)का सिद्धान्तहरुले तपाईंलाई सुसज्जित गर्छ**

**को-को तपाईंसँगै हिंड्नेछन् ?**

**परमेश्वर र अरुहरु तपाईंसँगै हिंड्छन्**

## गौरवशाली यात्रा

तपाईं जीवनको जुनसुकै समयमा हुनुभएता पनि, तपाईंले सायद यसरी प्रश्न गर्नुहुन्छ होला, "म यस्तो हुनुमा के त्यहाँ कुनै कारण छ ? के मसँग अरूहरूलाई सहायता पुऱ्याउने केही छ र के त्यसले परमेश्वरको प्रतिरूपमा सृजिएको ममा परमेश्वरलाई प्रतिबिम्बत गर्नेछ ? के त्यहाँ मेरो लागि वास्तवमै गौरवशाली जीवन छ र ?"

एउटा जवान स्त्रीको रूपमा, सायद तपाईंले देख्न सुरु गर्नुभएको होला कि परिवार र विद्यालय बाहेक पनि तपाईंको एउटा छुट्टै आफ्नो जीवन छ । सायद तपाईं तपाईंको जीवनको लागि एउटा विशेष उद्देश्य र व्यक्तिगत दिशा-निर्देशन सहितको एउटा अद्भूत भविष्य छ कि छैन भनेर अचम्मित हुनुहुन्छ होला ।

सम्भवतः एउटा आमा भएर तपाईंले तपाईंसँग एकछिन सास लिने समेत फुर्सद नभएको महसुस गर्नुहुन्छ होला अथवा तपाईं कस्तो व्यक्ति हुँदै गइरहनुभएको छ र तपाईंको जीवनको दिशा-निर्देशन र उद्देश्य के हुन् भनेर सोच्नुहुन्छ होला । के त्यहाँ तपाईंको आफ्नो पहिचान नगुमाइकन ईश्वरभक्त आमा भइरहने कुनै तरिका छ ? के तपाईंका छोराछोरीहरू तपाईंको मिसन हुन् ? के तपाईंको घर तपाईंको मिसन हो ?

तपाईंको जागिर अथवा पेशा पूर्ण थकित गराउने हुनसक्छ । के तपाईंले जे गर्दै हुनुहुन्छ त्यसले वास्तवमै तपाईंको विशेष हुने तपाईंको भित्री चाहनालाई पूरा गर्दैछ ? के साँच्चै तपाईंको जीवन अर्थपूर्ण छ ? के तपाईंको सफलताको कुनै अर्थ छ ?

जीवनका धेरै बसन्तहरू यताउता गएर बिताएको एउटा स्त्रीको रूपमा, सायद तपाईंले के यति नै पर्याप्त छ त भनेर सोचिराख्नुभएको होला । हुनसक्छ तपाईंले सफलता चाख्नुभएको छ र यो तपाईंले आशा गरेजस्तो पूर्ण रूपमा प्राप्त भएन होला । हुनसक्छ तपाईंका हुर्किएका छोराछोरी छन् र तपाईंले "अब मैले गर्नुपर्ने केही बाँकी छ र ?" भनेर सोच्दैहुनुहुन्छ होला । हुनसक्छ परिवर्तन हुँदै गरेको शरीरको चुनौतीले समय, ऊर्जा र अर्थ लिइरहेका छन्, र तपाईंले के यिनीहरू सबैको कुनै अर्थ छ भनेर विचार गर्दै हुनुहुन्छ होला ।

हामी तलका प्रश्नहरू र विचारहरूलाई *गौरवशाली स्त्री* पाठ्यक्रममा एकसाथ हेर्नेछौं । यो पाठ्यक्रम...

- तपाईंले परमेश्वरलाई अझै घनिष्ठ तवरले चिन्नमा र पल-पल उहाँसँग हिँड्नमा तपाईंलाई सहायता गर्न तयार पारियो ।
- तपाईंको व्यक्तिगत मिसन र उहाँको मिसनसँग परमेश्वरले कसरी तपाईंको विशिष्टतालाई जोड्नुहुन्छ भन्ने पत्ता लगाउनमा तपाईंलाई सहायता गर्न बनाइयो ।
- छ वटा बाइबलमा आधारित सिद्धान्तहरू प्रत्येक स्त्रीको जीवनमा विशेष तवरले लागू हुन्छ भन्ने बारेमा हो ।
- परमेश्वरसँग, आफैंसँग र अरूहरूसँग वास्तविक हुनुको बारेमा हो ।
- सम्बन्धपरक र रमाइलोको बारेमा हो ।

एक ईश्वरभक्त ख्रीष्टयन स्त्री हुने, ख्रीष्टमा वृद्धि हुने र अरूहरूलाई उहाँको प्रेम देखाउने त्यहाँ विभिन्न दृष्टिकोणहरू छन् । *गौरवशाली स्त्री* ले ख्रीष्टलाई चिन्ने घटनाको हरेक पक्षलाई बताउँदैन । यो पाठ्यक्रम प्रेमिलो परमेश्वर र तपाईं जो हुनको लागि उहाँले तपाईंलाई बनाउनुभयो त्यही हुने र उहाँले तपाईंलाई जे गर्नका लागि बोलाउनुभयो त्यही गर्ने विषयहरूमा केन्द्रित छ ।

*गौरवशाली स्त्री* मा तपाईंले सिक्नुहुने बाइबलमा आधारित ६ वटा जीवनका सिद्धान्तहरू प्रमुख सिद्धान्तहरू हुन् जुन परमेश्वरको वचनसँग एकवद्ध छन् र तपाईंलाई गौरवशाली जीवन जिउनमा सहायता गर्ने छन् । यी सिद्धान्तहरूले तपाईंलाई तपाईंको यात्रामा फष्टाउन सहायता गर्नेछन् ।

...........................................................

**मेरो कथा**

*"गौरवशाली स्त्री* पाठ्यक्रम एउटा आजीवन स्रोत-सामाग्री हो । गौरवशाली स्त्रीका सिद्धान्तहरू मलाई सही बाटोमा राख्ने सुरक्षारे लिङ भएका छन् ! यो एउटा त्यो स्रोत-सामाग्री हो जुनले जीवनको लागि उपकरणहरू प्रदान गर्छ । जब जीवनमा समस्याहरू, खेदो, परिवर्तनहरू, अवसरहरू र मौकाहरू आउँछन्, अहिले म आवश्यक निर्णयहरू लिन, अवसरहरूको बारेमा समीक्षा गर्न र समस्याहरू हल गर्नलाई गौरवशाली स्त्रीका सिद्धान्तहरूको प्रयोग गर्छु । आत्मविश्वासले भरिएर, म मेरो साँचो मिसनलाई पूरा गर्न सक्छु ।"

**किम** (गौरवशाली स्त्री जीवन-प्रशिक्षण समूह सहजकर्ता)

...........................................................

१. किन गौरवशाली जीवन जिउनलाई रोज्ने ?

**परमेश्वर तपाईंले गौरवशाली जीवन जिएको चाहनुहुन्छ**

एउटा गौरवशाली जीवनः तपाईंको जीवनको लागि परमेश्वर र उहाँको विशिष्ट व्यक्तिगत मिसनसँग जोडिएको जीवन हो । परमेश्वर हरेक ख्रीष्टियन स्त्रीले यस किसिमको जीवन जिउन रोजेको चाहनुहुन्छ किनभने यसले परमेश्वरलाई आदर र महिमा प्रदान गर्छ । यस्तो रोजाइले प्रत्येक स्त्रीलाई तिनको जीवन अन्य कुरामा बिताउनुको साटो लगानी गर्नमा सक्षम बनाउँछ ।

गौरवशाली जीवन जिउनु भनेको एउटा यात्रा हो- वर्तमानको त्यो बाटो जसमा तपाईं परमेश्वरसँगको सम्बन्धमा बृद्धि हुनुहुन्छ र तपाईंको जीवनमा उहाँको विशिष्ट मिसनको लागि जिउनुहुन्छ । जब तपाईं पवित्र आत्माको शक्तिमा विश्वासद्वारा उहाँसँग हिँड्नुहुन्छ तपाईंको यात्रा अरूहरूलाई सुसमाचार सुनाउनमा अभिव्यक्त भएको एउटा अर्थपूर्ण र उद्देश्यपूर्ण जीवन बन्छ ।

*"किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।"*

एफिसी २:१०

**गौरवशाली स्त्रीले तिनको जीवनको लागि परमेश्वर र उहाँको विशिष्ट व्यक्तिगत मिसनसँग जोडिएर एउटा गौरवको जीवन जिउँछिन् ।**